म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ५२ बिहीबार ४ असोज २०८० ने. सं. ११४३ ञलाथ्व 21 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित दुईजना पक्राउ

हेटौंडा, ३ असोज/मकवानपुर प्रहरीले हेटौंडाबाट लागूऔषध गाँजा सहित दुइजनालाई पक्राउ गरेको छ । प्रहरीले हेटौंडा उपमहानगर पालिका वडा नम्बर-११ थानाभञ्याङस्थित पूर्व-पश्चिम सडकखण्डमा लागूऔषध गाँजा सहित दुइजनालाई प्रहरीले पक्राउ गरेको हो । मंगलबार राति नियमित चेकचाँचका क्रममा मनहरीतर्फबाट बीरगंजतर्फ जाँदै गरेको ना ६ ख १५८६ बस र सोही दिशाबाट आउँदै गरेको ग ७ ख २२४० नम्बरको यात्रुबाहक बसलाई चेकजाँच गर्ने क्रममा १५८६ नम्बरको बसमा सवार पर्सा मधुवन गाउँपालिका-२ बस्ने ४० वर्षीया सलामा खातुन र २२४० नम्बरको बसमा सवार हेटौंडा-१५ बस्ने ३२ वर्षीय सामुएल प्रजालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीप्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए । पक्राउ परेका उनीहरुको साथबाट प्रहरीले १० केजी ३५० ग्राम गाँजा फेला परेको थियो । उनीहरुले झोलामा लागूऔषध बोकेको जनाइएको छ । पक्राउ परेका माथि आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

# हेटौंडामा संविधान दिवस मनाइयो, सभामुख अनुपस्थित

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ बागमती प्रदेश सरकारको आयोजनामा बुधवार हेटौंडामा आठौं संविधान दिवस मनाइएको छ ।

संविधान दिवस मुल समारोह समिति, बागमती प्रदेशको आयोजनामा संविधान दिवस मनाइएको हो । हेटौंडाको बुद्धचोकबाट निस्किएको भव्य र्‍याली मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पुगेर औपचारिक कार्यक्रम गरिएको थियो । कार्यक्रमलाई बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्मा, मुख्यमन्त्री शालिकराम जम्कट्टेल र आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले सम्बोधन गरेका थिए । तर, संविधान दिवस मनाउने औपचारिक कार्यक्रममा भने बागमतीका सभामुख भुवनकुमार पाठक उपस्थित थिएनन् ।

पाठक १५ जेठमा आयोजना भएको गणतन्त्र दिवसको कार्यक्रममा पनि सहभागी थिएनन् । बुधवार संविधान दिवस मनाउने कार्यक्रममा मञ्चमा तीनवटा सोफा राखिएको थियो । तीनवटा सोफा प्रदेशप्रमुख, सभामुख र मुख्यमन्त्रीका लागि राखिएको थियो । तर, सभामुख पाठक नआएपछि कार्यक्रमको सुरुवातमा एउटा सोफा खाली नै थियो । खाली स्थानमा बागमती प्रदेशमा संस्थापक मुख्यमन्त्री डोरमणि पौडेललाई आसनग्रहण गराइएको थियो । पाठक राप्रपाबाट निर्वाचन जितेर प्रदेशसभामा प्रवेश गरेका थिए । सरकार गठनको सुरुवातमा तत्कालीन गठबन्धनभा भागबण्डा लगाउँदा राप्रपाले सभामुख पाएपछि पाठक गएका थिए ।

सभामुख पाठक गणतन्त्र दिवस र संविधान दिवसमा अनुपस्थित हुनुलाई अर्थपूर्ण रुपमा हेरिएको सांसदहरु बताउँछन् । संविधान दिवसको कार्यक्रममा प्रतिपक्षी



दलका नेता, सांसद उपस्थित हुँदा सभामुख नै अनुपस्थित हुनु राम्रो नभएको सांसदहरुले बताए । यद्यपि, कार्यक्रममा प्रदेशका सबै मन्त्रीहरु भने उपस्थित थिएनन् । साझाकुरासँग कुरा गर्दै सभामुख पाठकले आफू काठमाडौं नै भएकाले कार्यक्रममा आउन नपाएको बताए । गणतन्त्र दिवसमा पनि आउनु भएन नि भन्ने प्रश्नमा पाठकले भने, 'ए त्यस्तो हैन के । कता-कता पुगिन्छ ।', उनले आफू सभामुख भएको र राप्रपा पार्टीको राजनीतिक विषय नरहेको बताए । 'मान्छेहरु त के-के हल्ला गर्छन्, गर्छन् । मैले संविधान मानेरै सभामुख भएको हो नि । व्यस्थताले आउन नपाएको हो ।', पाठकले भने ।

संविधान दिवसलाई सम्बोधन गर्दै प्रदेशप्रमुख शर्माले भने संविधानको विरोध गर्ने धोबीहरु निस्किएको र उनीहरुको सम्मान गर्नुपर्ने बताए । शर्माले जनताद्वारा निर्वाचित प्रतिनिधिहरुले संविधान निर्माण भएको यसमा समावेश गरिएको विशेषताको वर्णन गरिर हनु नपर्ने बताए । शर्माले संविधानका मर्म र भावनाहरुको पालना गर्न प्रतिबद्धता व्यक्त गर्नु नै हामी सबै नेपालीकोको मूल दायित्व भएको बताए । 'संविधानप्रतिको ओठेभक्ति र संघीयताप्रतिको विषवमन विरोधाभाषपूर्ण विषय हुन्' भन्दै उनले अन्तरवेदनाको असह्य पीडामा उत्सर्जित उच्छ्वास जनताको आँखाबाट बलिन्द्र धारा आँसु बनेर बहन्छ । ति आँसु पुछिदिने, अन्तरनादलाई मत्थर पार्ने राहत दिने र आश्वस्त पार्ने शासकीय प्रणाली सुशासन हो ।', उनले भने ।

'यस्तै सुशासनको संविधानले परिकल्पना गरेको छ', शर्माले भने, 'सबैले संविधानको पालना, रक्षा र कार्यान्वयनमा अटल एवम् अविचल रहने दिनको रुपमा अंगीकार गर्न सके लोकतान्त्रिक आन्दोलनप्रति सम्मान र वीर शहीदहरुप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।', संविधानले समाजवादको सुखद् परिकल्पना गरेको उनले बताए । 'संविधानले न्याय, समानता र जनजीविकाको हक स्थापित भएको छ ।', उनले भने, 'लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली निर्देशित शासन व्यवस्थामार्फत दिगो शान्ति, सुशासन र विकासको मार्गचित्र कोर्न सक्नुपर्छ ।', शर्माले भने । संघीयता, गणतन्त्र तथा धर्मनिरपेक्षता यो संविधानले उपलब्ध गराएका नेपाली जनताका नीधि हुन् र भावी पुस्ताका धरोहर भएको उनले बताए ।

यसैगरी मुल समारोहको अध्यक्ष रहेका बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले संविधानमा व्यवस्था भए अनुसारको प्रदेशले पाउनुपर्ने सबै अधिकारी प्राप्त हुनुपर्ने बताएका छन् । 'संविधानलाई कार्यान्वयन गरेर मात्र समृद्धि र समाजवाद आउने छ ।', उनले भने 'नेपालको संघीयतामा आफ्नै बिशेषता रहेको छ ।', संविधान दिवस २०८० को अवसरमा बागमती प्रदेश सरकारद्वारा प्रभातफेरी गरिएको थियो । बुद्धचोकबाट सुरु भएको प्रभातफेरी पिपल बोट, चौकिटोल ओरालो, मानसचोक हुँदै मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय पुगेर औपचारिक समारोह गरिएको थियो ।

प्रभातफेरीमा सुरक्षा निकायले व्याण्डबाजा प्रस्तुत गरेका थिए भने सामाजिक संघसंस्थाले पञ्चेबाजा संस्कृतिका झाँकीहरु प्रस्तुत गरेका थिए । बागमती प्रदेश सरकारले भदौ २ गतेदेखि ३ दिन संविधान दिवस मनाउने निर्णय गरेको थियो । सोही अनुसार संविधान दिवस २०८० लाई भव्य रुपमा मनाउन सोमबारदेखि नै विभिन्न कार्यक्रमहरु गरेको छ । जिल्ला वन कार्यालय मकवानपुरद्वारा असोज २ गते हेटौंडा-६ मा वृक्षरोपण गरेर 'गाँउसहर हराभरा बनाउने' अभियान सुरु गरेको थियो । सोमबार हेटौंडामा खुल्ला ५ किमि दौड प्रतियोगिता, मंगलबार ३८ जनाले रक्तदान गरेका थिए ।

# भीमफेदी कारागारका १४ कैदी थुनामुक्त, मकवानपुरका ८ जना

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ संविधान दिवसको अवसरमा मकवानपुरको भीमफेदीमा रहेको कारागारमा कैदीबन्दी जीवन बिताइरहेका मकवानपुरका ८ सहित १४ जना कैदी थुनामुक्त भएका छन् ।

बुधबार संविधान दिवसको अवसरमा सरकारले देशभरका ६७० जनाको कैद मिनाहा गरेसँग कारागारमा विभिन्न मुद्दामा कैद भुक्तान गरिरहेका १४ जना कैदी थुनामुक्त भएको कारागारका प्रमुख तीर्थराज पौडेलले बताएका छन् । कारागारमा कैदी जीवन बिताइरहेका र हिजो मंगलबार सम्ममा तोकिएको सजायमा ५० र ४० प्रतिशत कैद भुक्तान गरेका तथा असल आचरण भएका १४ जना कैदी थुनामुक्त भएको पौडेलले बताए ।

बुधवार थुनामुक्त हुनेमा ठगी मुद्दामा सजाय काटिरहेका मकवानपुरको हेटौंडा-११ का पूर्णभक्त लामा, डाँका मुद्दामा कैद भुक्तान गरिरहेको मकवानपुरगढी-८ का प्रेमबहादुर स्याङ्तान, नकावजनी मुद्दामा कैद भुक्तान गरिरहेका इन्द्रसरोवर गाउँपालिका-३ का अष्ट वाईबा, हेटौंडा-११ का राजकुमार तामाङ, राक्सिराङ



गाउँपालिका-८ का कृष्णलाल थिङ र इन्द्रसरोवर गाउँपालिका-३ का बुद्धिमानसिं भोलन रहेका छन् ।

यसैगरी, खुन-डाँका मुद्दामा सजाय काटिरहेका नवलपरासीको रामग्राम नगरपालिका-१६ का बृजनन्दन राजभर, कर्तव्य ज्यान मुद्दामा सजाय काटिरहेका धनुषाको नगराइन नगरपालिका-८ का ललन पासवान र लमजुङको राइनास नगर पालिका-८ का प्रकाश नेपाली र कर्तव्य ज्यान मुद्दामा कैद सजाय काटिरहेका तनहुँको भानु नगर पालिका-६ का सुकबहादुर नेपाली, सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका-३ का बसन्त खड्का पनि कैदमुक्त भएका हुन् ।

नकावजनी चोरी मुद्दामा सजाय काटिरहेका नवलपरासीको देवचुली नगरपालिका-१५ का अर्जुन थापामगर, सोही मुद्दामा सजाय काटिरहेका भारतका जाफिर खान रहेका छन् भने चोरी मुद्दामा सजाय भुक्ता गरिरहेका काठमाडौंको चन्द्रागिरी नगरपालिका-७ का संजितबहादुर बाग्दास रहेका छन् । कैद भुक्तान गरी कैदमुक्त हुनेमा मकवानपुरका ८ जना र भारतका एकजना रहेका छन् ।

## मोटरसाइकल दुर्घटनाबाट आमाको मृत्यु, छोरा घाइते



साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ बकैया गाउँपालिका-११ खोर भन्ज्याङमा मोटरसाइकल दुर्घटना हुँदा सोटरसाइकलमा सवार एक महिलाको ज्यान गएको छ भने चालक घाइते भएका छन् ।

बुधबार बिहान बकैया-१२ खोरभन्ज्याङस्थित जीतपुरभन्ज्याङबाट चपकी खानीतर्फ जाँदै गरेको ना ५१ प ५०४१ नम्बरको मोटर साइकल आफैं अनियन्त्रित भई पल्टिँदा बकैया-१२ टरबास बस्ने ६८ बर्षीया ठुलिमाया न्यासुरको ज्यान गएको मकवानपुरका डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए ।

दुर्घटना परेर गम्भीर घाइते न्यासुरको उपचारको क्रममा हेटौंडा अस्पतालमा बिहान ११ बजे मृत्यु भएको डिएसपी भण्डारीले बताए । दुर्घटनामा चालक सोही स्थान बस्ने ३२ बर्षीय राजकुमार न्यासुर घाइते भएका छन् । उनको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । डिएसपी भण्डारीका अनुसार मृतक ठुलिमाया राजकुमारको आमा हुन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"
BBS Bachelor of Business Studies
ADMISSION ONGOING
100% SCHOLARSHIP (on tuition fee) For A Achiever
25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever
Class starts from ASOJ 15
01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform
Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080
Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np
ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# शिक्षकको पेशागत सम्मान हुनुपर्छ

सरकारले हालै सदनमा पेश गरेको शिक्षा विधेयकविरुद्ध प्रदर्शन गर्न मकवानपुरका सामुदायिक विद्यालयका शिक्षकहरु केन्द्रीय राजधानी काठमाडौं पुगेका छन् । नेपाल शिक्षक महासंघ मकवानपुरले असोज ३ गतेदेखि विद्यालयहरु अनिश्चितकालीन बन्द गरेर विधेयकविरुद्ध प्रदर्शन गर्न काठमाडौं गएको हो । मंगलबार रातिसम्म देशभरिका शिक्षक काठमाडौं पुगेका छन् । केही शिक्षक बिहीबार काठमाडौं जान तयारीमा छन् । शिक्षक महासंघले असोज ३ गते देशका ७७ वटै जिल्लाका विद्यालय बन्द गरी काठमाडौंमा सडक आन्दोलनको तयारी गरेको थियो । मकवानपुर जिल्लाको १० वटै स्थानीय तहका प्रमुख, वडा कार्यालय, विद्यालय व्यवस्थापन समितिहरुलाई विद्यालय बन्द गराएर शिक्षक आन्दोलनमा उत्रिने कार्यक्रमका बारेमा जानकारी गराइसकेको बताइएको छ ।

सरकारले शिक्षा विधेयक शिक्षकको हितमा नभएको र विधेयक पुनर्लेखन गर्न जरुरी रहेको बताउँदै सरकारले सार्वजानिक शिक्षा व्यवस्थित नगरी व्यापारीकरण गर्न खोजेको टिप्पणी शिक्षकले गरेका छन् । महासंघले विधेयकमा सुधार गर्नुपर्ने बुँदाहरुको बारेमा सरकारलाई लिखित जानकारी गराएको तर, कुनै सुनुवाइ नभएपछि सडक आन्दोलनमा जानुपरेको शिक्षकहरुको भनाइ छ । महासंघको अगुवाइमा स्थानीय, जिल्ला, प्रदेश र केन्द्रसम्म पहिलोचरणको आन्दोलन गरिसकेको र असोज ३ गतेदेखि विद्यालय नै बन्द गरेर सडक आन्दोलन गर्न लागिएको हो । सरकारले अहिले सदनमा पेश गरेको शिक्षा ऐनमा १७ वटा बुँदा परिवर्तन गर्नुपर्ने महासंघको माग रहेको छ । महासंघले जारी गरेको विज्ञप्तिमा द्वन्द्वपीडित तथा शैक्षिक आन्दोलनमा लागेर आफ्नो जीवन बिताएका शिक्षक नेताको त्यो अवधिको सेवा नजोडिनाले तिनले नियमानुसार पाउनुपर्ने उपदान वा पेन्सन नपाएको, राजनैतिक आग्रह, पारिवारिक तथा समाजिक द्वन्द्व र विभेदलगायत कारण स्थानीय तहका निर्वाचित पदाधिकारीको कोपभाजनको शिकार प्रधानाध्यापक बन्नु परेको बिषयमा तीव्र बिरोध जनाइएको छ । तथा शिक्षक स्थानीय तहले संविधानको अनुसूची-८ मा व्यवस्थित अधिकारको दुरुपयो गरी कठपुतली विद्यालय व्यवस्थापन समिति बनाएकोले विद्यालय तहको शिक्षालाई संविधानको अनुसूची-९ मा ल्याउनुपर्ने माग राखेका छन् । शिक्षक स्थायित्वको विषयमा दुई दशकदेखि विद्यालयमा कार्यरत राहत र साविक उमावि शिक्षकलाई अस्थायी शिक्षकको जस्तै आन्तरिक/खुला विधिबाट शिक्षक सेवा आयोगमार्फत स्थायी गर्नुपर्ने, योगदानमा आधारित सामाजिक सुरक्षाको प्रबन्ध हुनुपर्ने अथवा सबै दरबन्दीलाई स्वीकृत दरबन्दीमा परिणत गरी सामान्य प्रक्रियाद्वारा शिक्षक सेवामार्फत स्थायी गरिनुपर्ने, पारिश्रमिकको विषयमा प्रारम्भिक बालविकासमा काम गर्ने शिक्षक तथा विद्यालय कर्मचारीको दरबन्दी तथा उचित तलबको व्यवस्था, बालविकासलाई ऐनमार्फत विद्यालय संरचनाभित्र ल्याइनुपर्ने, अस्थायी अवधिक गणना तथा निवृत्तीभरणको विषयमा लामो समय अस्थायी काम गरेकालाई पनि अवधि गणना गरेर पेन्सनको व्यवस्था गरिनुपर्ने लगायत माग राखेका छन् । प्रस्तावित विधेयकमा शिक्षक नियुक्ति, सरुवा तथा बढुवाको अधिकार स्थानीय तहलाई दिने र ट्रेड युनियन अधिकारमा बन्देज लगाउनेलगायत व्यवस्थाप्रति शिक्षकको आपत्ति छ । स्थानीय तहले भने आन्दोलनको नाममा पठनपाठन प्रभावित नपार्न शिक्षकहरुलाई चेतावनी दिएका छन् ।

सामुदायिक विद्यालयमा अस्थायी, राहत, करार, लियन, निजीश्रोत, ईसीडीलगायत तीन लाख २५ हजार शिक्षक कार्यरत छन् । पढाउन छाडेर राजनीति गर्ने गरेको आरोप सरकारी शिक्षकलाई लाग्दै आएको छ । संघीय शिक्षा विधेयकले ट्रेडयुनियन अधिकारमा बन्देज लगाउने प्रस्ताव गरेपछि शिक्षकहरु आन्दोलनमा उत्रिएका हुन् । नियुक्ति, सरुवा, बढुवा तथा कारबाहीसम्मको अधिकार स्थानीय तहलाई दिने प्रावधानप्रति शिक्षकहरुको आपत्ति छ । विधेयकको विरोधमा शिक्षकले बुधबार देशैभरका शिक्षक काठमाडौंमा भेला भएर वार कि पारको आन्दोलनमा होमिएका हुन् । शिक्षक तथा विद्यालय कर्मचारीको पेसाको सुनिश्चितता विधेयकमा नगरिएको भन्दै शिक्षक रुष्ट बनेका छन् । शिक्षकहरु पठनपाठन नै बन्द गरी आन्दोलनमा उत्रिएपछि बालबालिकाको पढाइ प्रभावित हुने सम्भावना देखिएको छ । सरकारले २०२८ सालको शिक्षा ऐनलाई विस्थापित गरी ५२ वर्षपछि नयाँ ऐन ल्याउन लागेको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज ५ गते शुक्रबार २२ सेप्टेम्बर २०२३ । सप्तमी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५२, सूर्यास्त ५:५९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : राजनीतिमा प्रगति हुने | तुला | : सन्तानबाट खुशी मिल्ने |
| वृष | : शारीरिक परिश्रम गर्नुपर्ने | वृश्चिक | : व्यापारमा केही हानि हुने |
| मिथुन | : पढाइमा प्रगति हुने | धनु | : शत्रु पराजित हुने |
| कर्कट | : विश्वासमा संकट आउने | मकर | : मानसम्मान बढ्ने |
| सिंह | : निर्माण कार्यमा प्रगति | कुम्भ | : विद्यार्थीका लागि लाभदायक |
| कन्या | : सामाजिक काममा सफलता | मीन | : सम्मानित काम हुनेछ |

# अधुरो संविधानको मधुरो कार्यान्वयन : जातीय विभेद भएकोमा राज्यले माफी माग्नुपर्ने



ध्रुवसत्य परियार

संविधान भनेको देशको मूल कानुन अर्थात् राज्यको मूल चेतना हो । राज्यका समग्र जनता वा विभिन्न समुदायले गर्दै आइरहेका आन्दोलन, विद्रोहको उपज हो संविधान । यद्यपि सबै नागरिक वा आन्दोलनकारीका आवाज र अपेक्षा संविधानमा नसमेटिएको पनि हुन सक्छ ।

हामीले संविधानसभाबाट संविधान बनाएको पनि आठ वर्ष पुग्यो । संविधान जारी हुने बेला आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरूलाई कति रक्षा गरियो वा संविधानमा समेटियो, यो बेग्लै बहसको विषय छ । मूलभूत प्रश्न यो छ – के हाम्रो राज्य वा सरकार संविधानबमोजिम चलिरहेको छ ? आफूले बनाएको संविधान यो हो अर्थात् यी यी व्यवस्थाले यसो भन्छन् र अब तिमीहरू संविधान अनुकूल चल्न सक्नुपर्छ भनी राज्यले जनतालाई बुझाएको छ ?

सामाजिक न्यायको कोणबाट हेर्दा हाम्रो संविधानमा मौलिक हकका ३१ वटा धारा छन् – महिलाको हक, बालबालिकाको हक, ज्येष्ठ नागरिकको हक, दलितको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, शोषणविरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक आदि । यी प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ भन्ने पनि व्यवस्था छ । आज संविधान प्रारम्भ भएको आठ वर्ष पुगिसक्दा यी हक अन्तर्गतका कतिपय कानुन बन्न सकेका छैनन् ।

'संविधानमा जुन 'स्पिरिट'मा मौलिक हकको व्यवस्था गरियो, त्यही स्पिड (गति)मा कानुन, बजेट तथा कार्यक्रम बन्नुपर्ने त्यो हुन सकिरहेको छैन वा ढिलाइ भइरहेको छ,' समावेशिताका जानकार यामबहादुर किसान भन्छन्, 'संविधानमा दलितलाई भूमि दिने त भनियो तर अहिलेसम्म संवैधानिक व्यवस्था अनुरूप कानुन बनाएर दलितलाई भूमि दिइएको छैन ।'

यत्तिका हक संविधानमा किन लेखियो ? अवश्य यसको पछाडिको खास कारण वा इतिहास हुन्छ । विभेदको अवस्था र इतिहासलाई केलाएर र विवेक वा विज्ञानको तहबाट मन्थन गरेरै मौलिक हकका व्यवस्था गरिएका हुन् । हाम्रो संविधान बन्दा नै कति बहस वा मन्थन भए त्यसको समीक्षा गरौं ।

**संविधानको विरोध**

२०७२ असोज ३ मा संविधान जारी भएपछि सबैतिर खुसियाली मनाइयो तर मधेसमा असन्तुष्टिका झाँकी देखिएको थियो । ३ असोजलाई सबै प्रदेशले संविधान दिवस मनाए तर मधेस प्रदेशले न उत्सव मनायो न त विरोध जनायो ।

खासगरी २०६३ को अन्तरिम संविधान जारी भइसकेपछि मधेसमा दुईपटक आन्दोलन भए, २०६३ र २०६४ मा । त्यो आन्दोलनले मधेसी राजनीतिक शक्ति पनि यो संविधान निर्माणको एउटा प्रमुख घटक हो, उसलाई पनि साथ लिएर जानुपर्छ भन्ने एउटा भाष्य निर्माण गरेको मधेस मामिलाका जानकार एवं राजनीतिक विश्लेषक तुलानारायण साह बताउँछन् ।

'संविधान निर्माणका लागि राजनीतिक समीकरणका रूपमा कांग्रेस, एमाले, माओवादी र मधेसी शक्ति सँगै अगाडि बढ्नुपर्छ र सामाजिक समीकरणका रूपमा खस आर्य समुदाय, आदिवासी जनजाति र मधेसीले संविधानमा अपनत्व ग्रहण गर्नुपर्छ भन्ने भाष्य पनि त्यतिबेला स्थापित भएको थियो,' साह भन्छन्, 'संविधान जारी गर्ने बेलामा भने कांग्रेस, एमाले र माओवादी मिलेर मधेसी दलहरूलाई पेलेर लगियो । त्यसैले राजनीतिक समीकरणको प्रमुख घटक रहेको मधेसी शक्तिले संविधानमा अपनत्व ग्रहण गर्न पाएनन् ।'

उनका अनुसार, सामाजिक समीकरणमा खस आर्य समुदायले आफ्नै हिसाबले संविधान निर्माण गर्नेतिर लागे । संविधान जारी भएपछि आदिवासी जनजाति मौन बसे तर मधेसीले कालो दिवस मनाइयो । यसरी सामाजिक समीकरण सन्तुलित भएन । परिणामत: आजसम्म संविधान सर्वस्वीकृत हुन सकेको छैन । 'तर राज्यले बल प्रयोग गरेर शासन त गरिरहेकै छ । यो अवस्थामा कति मधेसी दलहरू मौन छन् जो सत्तामा छन् । जो सत्तामा छैनन्, उनीहरूले कालो दिवस मनाइरहेकै छन्,' उनी भन्छन्, 'मौन बस्नेहरूको द्विविधा यही हो कि उसलाई सत्तामा पनि जानुछ, संविधान मन परेको पनि छैन ।'

त्यतिबेला खासगरी सीमांकन, निर्वाचन प्रणाली, खस आर्य समुदायलाई समानुपातिक तर्फको आरक्षण, राष्ट्रिय सभामा प्रतिनिधित्व र नागरिकताको प्रावधानसम्बन्धी सवालमा मधेसी शक्तिहरूको असमति थियो ।

पूर्वराजदूत तथा राजनीतिक विश्लेषक विजयकान्त कर्णका अनुसार, त्यतिबेला आन्दोलनकारीसँग राज्यले गरेको सम्झौता संविधानमा समेटिएन । संघीयतालाई नै कमजोर बनाउने खालका केही व्यवस्था संविधानमा समेटिए । अर्कोतिर संविधान जारी गर्ने तीन दल (कांग्रेस, एमाले र माओवादी)ले संविधानका व्यवस्थालाई पनि कार्यान्वयन हुन दिएनन् । 'पहिचान र समावेशिताका माध्यमबाट सबैको आर्थिक समुन्नति, राज्यको पुनर्संरचना अर्थात् सेना, प्रहरी, कर्मचारीको सञ्चालन विधिमै आमूल परिवर्तन खोजिएको थियो । अहिले कर्मचारीतन्त्र माथि (केन्द्र)बाट नियन्त्रण हुन्छ, देशका सचिवहरूको सरुवा गर्न केन्द्रमा कांग्रेस, एमाले र माओवादी झगडा गरिरहेको देखिन्छ,' पूर्वराजदूत कर्ण भन्छन्, 'आजको दिनमा प्रदेशको मुख्यमन्त्रीभन्दा पावरफुल छ, जिल्लाको सिडियो । संघीय व्यवस्थामा पालिकाहरूको सञ्चालन प्रदेशले नगरेर केन्द्रले गर्ने जस्तो जोकर कुरा दुनियाँमा कहीं हुँदैन । संविधानकै व्यवस्थाबमोजिम प्रदेशले प्रहरी प्रशासन चलाउन पाएको छैन ।'

तीन दलका नेतासँग संघीय सोच नहुँदा कोशीमा आन्दोलन चलिरहेको उनी बताउँछन् । उनको विचारमा अन्य समुदायबाट पनि यस्ता आन्दोलनको सम्भावना छँदै छन् ।

**'जातीय विभेद भएकोमा राज्यले माफी माग्नुपर्छ'**

केही दिनअघि कानुनका प्रोफेसर कटक मल्ल (जो हाल स्विडेनको स्टकहोम विश्वविद्यालयको 'सेन्टर फर इन्टरनेसनल ल एन्ड जस्टिस'का सिनियर फेलो हुन्) रातोपाटीका प्रधानसम्पादक जिवेन्द्र सिम्खडालाई भेट्न कार्यालयमा आएका थिए । कफी गफमा उनले यो पंक्तिकारसँग भने – हेर्नुस्, यो राज्यले संविधानको प्रस्तावनामै लेखेर दलितहरूसँग माफी माग्नुपर्छ, अनि मात्र जातीय विभेद हट्दै देश अगाडि बढ्छ ।

मल्लले २० चैत २०७८ मा कान्तिपुर दैनिकमा छापिएको आफ्नो आलेखको लिंक दिए – जसमा लेखिएको छ, 'परिवर्तनलाई एक कदमअगाडि बढाउन वर्तमान संविधानको प्रस्तावनालाई देहाय बमोजिम परिमार्जन गरिनुपर्छ, 'जातीय भेदभाव वैज्ञानिक रूपमा गलत र नैतिक रूपमा निन्दनीय छ भन्ने तथ्यलाई स्वीकार गर्दै, अबउप्रान्त कुनै प्रकारको छुवाछुत हुन नदिन गम्भीरतापूर्वक शपथ गर्दै, ऐतिहासिक अन्यायको सिकार भएका दलितहरूप्रति क्षमाप्रार्थी छौंं।'

यो पंक्तिकारले उनले भन्दा आठ महिनाअघि (१२ असार २०७८ मा) नागरिक दैनिकमा लेखेको 'जातीय विभेदमा माफी र सामाजिक न्याय कक्षा' शीर्षकको लेखमा उल्लेख छ, 'इतिहासदेखि विभेदमा पारेको भनेर राज्यले दलित, महिला लगायत उत्पीडित समुदायसँग क्षमायाचना गर्नुपर्छ र उत्पीडित समुदायले पनि एउटा सर्तमा माफी दिनुपर्छ । अहिलेकै सरकारबाट यस्तो अपेक्षा गर्न सकिन्न ।'

मल्लले जसरी एक कदम अगाडि बढेर संविधानकै प्रस्तावनामा लेख्ने कुरा गरे, त्यो महत्त्वपूर्ण छ । मल्ल भन्छन्, 'हिन्दु दर्शनमा जुन चार प्रकारको वर्ण व्यवस्था गरिएको छ, त्यो सबभन्दा खराब कुरा हो अर्थात् यो ऐतिहासिक अपराध हो, संविधानको प्रस्तावनामै यसलाई स्पष्ट रूपमा समेटिनुपर्छ ।'

आज हामीकहाँ सनातन धर्म-संस्कृतिको नाममा जात व्यवस्थालाई प्रवर्द्धन गर्ने आवाजसहितका समूह पनि देखिन्छन् । मान्छेहरूले धर्म वा संस्कृति आफ्नो आस्थाको मानून्, विभेदलाई कुनै पनि हिसाबले प्रश्रय पाउनु हुँदैन । संविधानले सामाजिक न्यायका कोणबाट धेरै सकारात्मक मौलिक हकहरू राखे पनि, 'राज्य' र 'राष्ट्र'को परिभाषा गरे पनि 'स्पष्टीकरण' घुसाएर त्यसलाई कमजोर पाएको छ । संविधानको धारा ३ ले राष्ट्रको परिभाषा गर्छ – 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिलक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो ।'

यस्तै धारा ४ नेपाल राज्यको परिभाषामा नेपाल धर्मनिरपेक्ष हो भनिएको छ । यसमै स्पष्टीकरण छ, 'धर्म निरपेक्ष भन्नाले सनातनदेखि चलिआएको धर्म-संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ ।

यो स्पष्टीकरणलाई लिएर संविधान जारी भएदेखि नै बहस र विरोध हुँदै आएको हो । धर्मनिरपेक्ष भन्ने शब्दको अर्थ र अवधारणालाई सनातन धर्म-संस्कृतिले काटेको छ । यसले सनातन धर्म-संस्कृतिको नाममा जात व्यवस्था अर्थात् जातीय विभेदलाई प्रश्रय दिन्छ । यसमै टेकेर मानिसले कुलदेवता वा अन्य परम्परागत मान्यताको दृष्टान्त दिँदै जातीय भेदभाव तथा छुवाछुत गर्न सक्छन् । यस्ता घटना समाजमा देखिइरहेका पनि छन् ।

'धर्मनिरपेक्षता भनेको के हो भन्ने नै नबुझेजस्तो गरी यस्तो जोकर व्याख्या संविधानमा लेख्न हुँदैनथ्यो, जुन गलत छ । सनातन भनेकै हिन्दु धर्म हो, सोझै हिन्दु राष्ट्र लेख्न नसकेर यस्तो व्याख्या राखिएको छ । धर्मनिरपेक्षतामा धर्मसँग राज्यको कुनै सम्बन्ध हुँदैन । धर्म भनेको व्यक्तिले अभ्यास गर्ने कुरा हो, तर राज्यको विषय होइन,' पूर्वराजदूत कर्ण भन्छन्, 'राज्यले सामाजिक न्यायसहित देश र जनतालाई समृद्ध बनाउने हो । जनताको शिक्षा र स्वास्थ्यमा ध्यान दिई उत्पादन बढाउने र देश चलाउने हो । राज्यले त जनतामा वैज्ञानिक सोचमा विकास गर्ने हो ।'

कानुनका प्रोफेसर कटक मल्ल सेकुलर (धर्मनिरपेक्ष) भनेको 'साइन्टिफिक टेम्पर' (वैज्ञानिक सोच) भन्न खोजिएको हो । 'धर्म र राजनीतिलाई मिसाइनु हुँदैन, धर्म व्यक्तिगत कुरा हो । धर्म-संस्कृति व्यक्तिगत भन्दैमा जातजातिका नाममा विभेद गर्न पाइँदैन,' मल्ल भन्छन्, 'त्यसैले मैले स्पष्ट भन्दै र लेख्दै आएको छु कि अबदेखि धर्म र संस्कृतिका नाममा जातीय विभेद हुन नदिन संविधानमै दलितहरूसँग माफी मागिनुपर्छ । इतिहासका गल्ती नसच्याई हामी अगाडि बढ्न सक्दैनौं ।'

मूलभूत रूपमा समाज धर्म र कानुनले नै चलेको वा चल्दै आएको छ । धेरै चिजको इतिहास भएजस्तै हाम्रो कानुनी अभ्यासको पनि इतिहास छ । हाम्रा पुराना कानुनहरूमा धर्मशास्त्र तथा नीतिशास्त्रको प्रशस्त प्रभाव थिएरु। त्यसले वैज्ञानिक सोच र सामाजिक न्यायसहित अगाडि बढ्न नदिने हुँदा त्यसमा परिमार्जन हुँदै आएका छन् । भारतले त आफ्नो संविधानको धारा ५१ 'ज'मा वैज्ञानिक दृष्टिकोण (साइन्टिफिक टेम्पर), मानववाद र ज्ञानार्जनलाई उल्लेख गरेको छ ।

हामी पनि वैज्ञानिक सोचतर्फ अग्रसर हुन आवश्यक छ । यसो हुनलाई कम्तीमा अहिले संविधानमा रहेका मौलिक हक लगायत सकारात्मक पक्षलाई बुझ्दै अगाडि बढ्नुपर्छ । अरु त छाडौं – पत्रकारहरूले नै राष्ट्र र राज्यको परिभाषा नबुझी, मौलिक हकहरूको मर्मलाई आत्मसात नगरी समाचार वा विचार प्रवाह गरिरहेको पाइन्छ । साँच्चि ! छातीमा हात राखेर प्रश्न गर्नुपर्ने छ – संविधानको भावनाअनुरूप लेख्ने-बोल्ने पत्रकार कति छौं ?

*(साभार: रातोपाटी)*

# मानवअधिकारका परममित्र सुवास

चरण प्रसाई

संविधान दिवसको पूर्वसंध्यामा (एक साताअधि) राष्ट्रले एक सरल, कर्तव्यनिष्ठ, इमानदार एवं शालीन नागरिक सुवासचन्द्र नेम्वाङलाई गुमायो । मानवअधिकारका परममित्र हुनका साथै उनी एक असल एवं कुशल राजनीतिज्ञ पनि थिए । उनको लोकप्रियता पार्थिव शरीरको प्रस्थान यात्रामा उर्लिएका जनसागरले पुष्टि गरेको छ । यसबाट उनले एमालेका मात्र नभएर सबैका नेताको पहिचान बनाएका रहेछन् भन्ने बुझ्न सकिन्छ । राजनीतिमा आशा गरिएका, लोकतन्त्रका पहरेदार र नागरिक समाजका अभिन्न मित्र थिए सुवास ।

लोकतन्त्रको लामो यात्रामा विशेषगरी राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकाल, ०६२/०६३को जनआन्दोलन, संविधान निर्माण तथा संक्रमणकालीन न्यायमा भएका सहकार्यलाई नागरिक समाजले उनलाई बिर्सन सक्दैन । नेपालको मानवअधिकार आन्दोलनलाई उनको साथ र सहयोग सधैं थियो । 'हुन्न' भन्न कमै सक्ने नेम्वाङमा नागरिक समाजले उठाएका सवालको मर्म तथा भावनालाई नजिकबाट बुझेर त्यसलाई दत्तचित्तले हल गर्न खोज्ने गुण थियो । अप्ठ्यारो पर्दा नागरिक समाजले सबैभन्दा पहिला संझने व्यक्ति थिए उनी ।

वि.सं २०५९ असोज १८ गते शेरबहादुर देउवालाई हटाएपछि तत्कालीन राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्दलाई मुलुकको प्रधानमन्त्री बनाए । चन्दपछि सूर्यबहादुर थापा प्रधानमन्त्री बनाइए । अनि २०६१ साल जेठ २१ मा देउवालाई नै प्रधानमन्त्रीमा पुनर्नियुक्त गरे । प्रतिगमन आधा सच्चिएको भन्दै नेकपा (एमाले) पनि देउवा सरकारमा सामेल भयो । तर सोही साल माघ १९ गते देउवालाई 'असक्षम' घोषणा गरी असंवैधानिक ढंगबाट ज्ञानेन्द्र स्वरु मन्त्रिपरिषद्को अध्यक्ष बने र निरंकुश शासन लादे । देउवा र प्रकाशमान सिंहलाई भ्रष्टचारको आरोपमा हिरासतमा राखे । भक्तबहादुर कोइरालाको नेतृत्वमा पाँच सदस्यीय शक्तिशाली शाही आयोग बनाएर भ्रष्टचार मुद्दा चलाए । तर, सर्वोच्च अदालतको विशेष इजलासले त्यस आयोगलाई असंवैधानिक ठहर गरी खारेजीको आदेश दियो । यसका साथै भ्रष्टचारको नाटक तुहियो पनि ।

त्यसबेला तत्कालीन एमालेका महासचिव माधवकुमार नेपाल कोटेश्वरमा घरमै नजरबन्द थिए । केही समयपछि उनलाई ककनी स्थानान्तरण गरियो । सबै राजनीतिक दल राजाको निरुंकुश शासनविरुद्ध एक जुट भएर सडकमा उत्रिए तर आन्दोलनले गति लिएन । आन्दोलन रत्नपार्क र बागबजार केन्द्रित थियो । राजाले निरंकुशता थोपरेपछि नागरिक समाज पनि सडकमा उत्रियो । सर्वसाधारणको विश्वास जित्यो । तिनका कार्यक्रममा सहभागिता उल्लेखनीय रूपमा बढ्यो । आन्दोलनलाई थप प्रभावकारी बनाउन सात राजनीतिक दलका नेताहरूसँग नागरिक समाजका अभियन्ताहरूको विभिन्न चरणमा बैठक भए ।

जनताबाट टाढिएकाले मूलधारका राजनीतिक दलका नेताले विगतका कमीकमजोरीलाई स्वीकारेर भविष्यमा नदोहोराउने प्रतिबद्धता सार्वजनिकरूपमा गरे । यसबाट राजनीतिक दल तथा नागरिक समाजबीच सहकार्य बढ्यो र जनआन्दोलनले गति लियो ।

यसै सन्दर्भमा ७ दलका बैठकमा एमालेको प्रतिनिधित्व सुवासचन्द्र नेम्वाङले गर्थे । एकदिन मानवअधिकार संगठन अनामनगरमा आन्दोलनको सिलसिलामा बैठक बसेको थियो । त्यसमा डा.सुन्दरमणि दिक्षितले 'माधव नेपाललाई ककनी राखेको राजासँग गोप्य वार्ता गर्न हो ?' भनी बाहिरी हल्लाको प्रसंग उठाएका थिए । यस कथनबाट नेम्वाङ निकै दु:खी तथा आक्रोशित भए । उनको रातोपिरो अनुहारले त्यसको पुष्टि गरेको थियो । 'मेरो नेतालाई तपाईंहरूले शंका गर्न मिल्छ? भनी प्रतिप्रश्न गरे । उप्रान्त माधव नेपालको इमानमाथि प्रश्न नगर्न आग्रह पनि गरे । उनीमा यसखाले आक्रोश न पहिले न त पछि नै देखियो ।

जनआन्दोलनको सफलतापछि व्यवस्थापिका संसद् पुन:स्थापित भयो । चुनावमा भाग नलिएका नेकपा (माओवादी)ले एमालेसरह संसद्मा स्थान पायो । संसद्को सभामुख सहमतिबाट सुवासचन्द्र नेम्वाङ बने । यस शक्तिशाली संसद्ले दूरगामी महत्त्वका विभिन्न निर्णय गरेको थियो । तत्कालीन राजाका अधिकार निलम्वन गऱ्यो । सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन प्रक्रिया अघि बढाउन संकल्प प्रस्तावमार्फत निर्देशन दियो । विडम्बना, यसको पालना अझ पनि (१८ वर्षदेखि) भएको छैन ।

राज्यका शासकीय अंगमा महिला सहभागिता तेत्तीस प्रतिशत रहने घोषणा पनि यसैले गऱ्यो । अन्तरिम संविधानको मसौदा लेखनमा महिलाको पतिनिधित्व गरायो । नेपालको संविधान २०४७ खारेज गरी अन्तरिम संविधान लागु गऱ्यो । 'धर्मनिरपेक्ष' राज्यको घोषणा भयो जसको अपजस नेम्वाङले पाए । यसमा जनआन्दोलनको आदेश नभएको जिकर गरियो । विदेशीका इसारा र प्रभावमा घोषणा भएको आरोप लगाइयो ।

संसद्ले पारित गर्ने प्रस्ताव वा घोषणा कसैको लहडमा हुँदैन । सभामुखले झुक्याएर 'धर्मनिरपेक्ष' शब्द घुसाएर घोषणा गर्न सक्दैनन् । किनभने त्यसका विशेष सिद्धान्त तथा प्रक्रिया हुन्छन् । यसका प्रक्रिया (प्रोसिडिङ) 'रेकर्डेड' हुन्छन् । हुन्छ वा हुँदैन भनेर मत विभाजन हुन्छ । त्यसैले धर्मनिरपेक्ष घोषणा हुनु गलत थियो भने यस दोषका भागी सबै सांसद हुन् । सर्वसम्मतबाट पारित गर्ने संसद् हो । सभामुख एक्लै दोषी हुन सक्दैन ।

सभामुख त प्रक्रियागत ढंगबाट प्रस्ताव अघि बढाउने सहजकर्ता हुन् । त्यसैले देहावसानपछि उनीमाथि लगाइएको लाञ्छना न्यायोचित होइन । साथै त्यतिबेला यो घोषणा गलत थियो भने दोस्रो संविधान सभाबाट जारी नेपालको संविधानले किन त्यसलाई उल्टाएन? कतिपयको यसमा जनमत संग्रह किन गरिएन भन्ने मत पनि रहेको पाइन्छ ।

सिद्धातन्त: राष्ट्रको धर्म हुँदैन । कुनै खास धर्ममाथि जनमत संग्रह गर्नु अल्पसंख्यक धर्मालम्बीको अपमान हो । किनभने धर्म हरेक व्यक्तिको आस्थाको विषय हो । मानवअधिकार हो । यो संवेदनशील विषयमा मत विभाजन गर्नु मानवअधिकारका सिद्धान्तप्रति प्रश्न उठाउनु हो । फेरि कसलाई थाहा छैन, जुन देशमा जुन धर्मको बाहुल्य छ त्यसको नतिजा कता जान्छ भनेर । त्यसैले यस विषयलाई उचालेर समानताको हकमा विश्वास राख्ने नेम्वाङमाथि औँला उठाउँनु उनीप्रतिको अन्याय हो । साथै उनैको पहलमा यो घोषणा सम्भव भएको हो भने धर्मप्रति उनको फराकिलो दृष्टिको सम्मान पो गर्नुपर्ने त । खुलेर प्रशंसा गर्ने उदारता र साहस देखाउनुपर्छ ।

साथै तत्कालीन पुन:स्थापित संसद्ले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न २०६३ साउन ९ गते आदेश दियो । यस घोषणाको पहल नेम्वाङले गरेको मानिन्छ । किनभने यसमा मुलुकको शान्तिपूर्ण भविष्य गाँसिएको उनले देखेका थिए । फौजदारी जवाफदेहीबाट कसैले उन्मुक्ति पाउँनु हुँदैन भन्ने मान्यता राख्थे । दण्डहीनताको अन्त्य गर्नुपर्ने उनमा हुटहुटी थियो । तर, २०६३ पछिका सरकारले यसको मर्म बुझेनन् अथवा बुझेर पनि बुझपचाएका छन् ।

सत्य, न्याय, परिपूरण कायम गर्ने र अन्याय दोहोरिन नदिने उद्देश्य बोकेको शान्ति प्रक्रियाको एक प्रमुख अङ्ग 'संक्रमणकालीन न्याय' अलपत्र छ । विस्तृत शान्ति सम्झौताको १७ वर्षमा पनि राज्य यसप्रति उदासीन छ । विश्व मञ्चमा अन्तर्राष्ट्रिय मापदण्ड तथा सर्वोच्च अदालतको आदेशबमोजिम टुंग्याउने प्रतिबद्धता बारम्बार सरकारले गरेको छ ।

*बाँकी पृष्ठ-३ मा....*

# काठमाडौंमा शिक्षकहरुको शक्ति प्रदर्शन

काठमाडौं/जुगल गाउँपालिका, सिन्धुपाल्चोकको रत्नराज्य माध्यमिक विद्यालयका शिक्षक भेषराम पौडेल (५०) ले पढाउन थालेको झण्डै २० वर्ष भयो । तर उनको अहिलेसम्म एक तह पनि बढुवा भएको छैन । ५२ वर्षपछि बन्न लागेको (विद्यालय) शिक्षा ऐनले पनि न्याय दिन्छ भन्ने विश्वास नभएपछि उनी आन्दोलनमा सहभागी हुन काठमाडौं आइपुगेका छन् ।

नेपाल शिक्षक महासंघको आह्वानमा बुधबार माइतीघर मण्डलमा भएको प्रदर्शनमा उनी लट्ठी टेकेर सहभागी भए । शारीरिक रुपमा अपाङ्गता भएका पौडेल भन्छन्, 'म २०६१ सालमा नियुक्त भएको शिक्षक हुँ अहिलेसम्म एक तह पनि आवधिक बढुवा भएको छैन । अनि आन्दोलनमा सहभागी हुन आउनै पर्‍यो नि !'

संसदमा दर्ता भएको विद्यालय शिक्षा विधेयक अशक्त, अपाङ्ग तथा दृष्टिविहीनमैत्री नभएको उनको बुझाइ छ । 'कतिपय विद्यालयले हाजिर पनि गर्न मान्दैनन्, पालिकाहरुले अपायक ठाउँमा सरुवा गर्छ' भन्छन् 'शिक्षकको सरुवा पालिकाले गर्न मिल्दैन, अशक्तको हकमा १५ वर्षमै पेन्सनको व्यवस्था हुनुपर्छ ।'

करैयामाइ गाउँपालिका, बाराकी बाल विकास सहजकर्ता कौशल्या चौधरी (४०) पनि त्यही आन्दोलनमा थिइन् । बाल विकास सहजकर्ताहरुको दरबन्दी हुनुपर्छ, स्थानीय तहको साटो केन्द्रीय तहबाटै व्यवस्थापन गर्नुपर्ने उनको माग छ । माग पूरा नभएसम्म आन्दोलन गरि रहने भन्दै कौशल्या भन्छिन्, 'अधिकारको लागि ऋण लिएर भएपनि लड्नपर्छ नि !'

मण्डनदेउपुर नगरपालिका, काभ्रेको महाकाली माविकी शिक्षक गोमा भुसाल (३७) शिक्षकले अरु काम गर्न नपाउने, सेवा सुविधा नबढाउने, स्थानीय तहको मातहतमा रहनुपर्ने जस्ता विषयमा असहमति रहेको बताउँछिन् । 'यहाँ एउटा बुँदामा मात्रै नभएर धेरै वटा बुँदामा हाम्रो असहमति हो', माइतीघर मण्डलको प्रदर्शनमा भेटिएकी उनले भनिन्, 'शिक्षक भनेको समाज परिवर्तनको संवाहक हो तर विधेयकले बधुवा मजदुर बनाउन खोजेको देखिन्छ ।'




शिक्षा विधेयकमा १७ बुँदे असहमति राख्दै नेपाल शिक्षक महासंघले आह्वान गरेको प्रदर्शनमा देशका विभिन्न स्थानबाट आएका शिक्षकहरु सहभागी भएका छन् । बिहान ११ बज्दानबन्दै माइतीघर मण्डलमा जम्मा भएका शिक्षकहरुले बानेश्वरसम्म सडक प्रदर्शन गरे । संघीय संसद भवन वरपर निषेधित क्षेत्र घोषणा गरेकाले प्रहरीले उनीहरुलाई नयाँबानेश्वरमा रोकेको थियो ।

शिक्षकहरुको प्रदर्शनका कारण दिनभरजसो तीनकुने माइतीघर सडकमा यातायात अवरुद्ध भयो । साँझ शिक्षकहरु आआफ्नो बासस्थान तिर लागेपछि सडक त सञ्चालनमा आएको छ, तर शिक्षकहरुको आन्दोलन कहिलेसम्म हो टुंगो छैन ।

विद्यालय बन्द गरेर काठमाडौं आएका शिक्षकहरु विधेयक फिर्ता नभएसम्म नफर्किने बताउँछन् । विभिन्न नारा लेखिएको प्ले-कार्ड सहित प्रदर्शनमा सहभागी पाल्पाका शिक्षक झविन्द्र देवकोटाले शिक्षक, अभिभावक, विद्यार्थीको सहभागिता विना लेखिएको विधेयक मान्य नहुने जिकिर गरे । उनी भन्छन्, 'शिक्षा विधेयक शिक्षक, अभिभावक, विद्यार्थीले लेख्ने हो । उनीहरु विना लेखिएको विधेयक मान्य हुने छैन ।'

शिक्षक महासंघले ट्रेड युनियनको अधिकार दिनुपर्ने, प्रधानाध्यापकको नियुक्ति शिक्षक सेवा आयोगबाट हुनुपर्ने, सरुवा, बढुवा र कारबाहीको अधिकार स्थानीय तहलाई दिन नहुने, निवृत्तिभरण तथा पेन्सनको लागि अस्थायी सेवा अवधिको पनि गणना हुनुपर्ने माग गरेका छन् ।

त्यस्तै राहत दरबन्दीका शिक्षक, साविक उच्चमाविका शिक्षक, अस्थायी र करार शिक्षक, बाल विकास कक्षाका शिक्षक, विशेष शिक्षा र प्राविधिक धारका शिक्षकलाई आन्तरिक परीक्षाबाट स्थायीको व्यवस्था गर्नुपर्ने, विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गरी स्थायी प्रक्रियामा लैजानुपर्ने लगायत माग अघि सारेको छ ।

त्यही माग राखेर भएको आन्दोलनमा सहभागी शिक्षकहरुले कुनै न कुनै माग आफ्नो माग मानेका छन् । चौतारा नगरपालिका, सिन्धुपाल्चोकको जनकल्याण आधार भूत विद्यालयका शिक्षक हरिबहादुर श्रेष्ठ १९ वर्षदेखि राहत दरबन्दीमा कार्यरत छन् ।

विधेयकमा राखिएको राहत शिक्षकलाई स्थायी प्रक्रियामा लैजाने व्यवस्था उनलाई चित्त बुझेको छैन । विद्यार्थी र अभिभावकलाई माग पूरा नभएसम्म विद्यालय बन्द हुने जानकारी दिएर आएका उनी भन्छन्, 'अब हाम्रो माग पूरा नभएसम्म यहीं बस्छौं । जति दिन बस्नु परे पनि बस्ने हो ।'

कञ्चनरुप नगरपालिका, सप्तरीको महेन्द्र जनता माविमा ९ वर्षदेखि नेपाली पढाइरहेका राहत दरबन्दीका शिक्षक रमेशप्रसाद तिमिल्सिना पनि विधेयकका कारण आफूहरुले पेशाबाट हट्ने बाध्यता आउने चिन्ता बढेको बताउँछन् ।

'लामो समयदेखि अस्थायी रुपमा काम गरिरहेको शिक्षकहरुलाई परीक्षा लिने बहानामा घोक्रेठ्याक लगाएर निकाल्ने देखिएको छ', १५-२० वर्षदेखि पढाइरहेका शिक्षकलाई अहिले आएर अयोग्य भन्न नमिल्ने उनको भनाइ छ ।

संसदमा दर्ता भएको शिक्षा विधेयकमा ४ चैत २०७५ पछाडि नियुक्त शिक्षकलाई पेन्सन नदिने, बरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सहभागी गराउने व्यवस्था राखिएको छ ।

धुलिखेल नगरपालिका, काभ्रेका शिक्षक शशिकर राई (४३) भन्छन्, '२०८० मा ऐन ल्याउन खोज्ने अनि ४ चैत २०७५ पछाडिका शिक्षकलाई पेन्सन खुवाउन सक्दैनौं भन्ने अन्यायपूर्ण छ ।'

पोखरा महानगरपालिका, कास्कीको जनप्रकाश माविका शिक्षक अर्विन बरालले (३३) सरकारले परीक्षा लिने बेलामा जुन शर्त राखेको छ, त्यसभन्दा दायाँबायाँ गर्न नपाउने बताउँछन् । गत मंसिरमा शिक्षक नियुक्त भएका अर्विन भन्छन्, 'सरकारले एउटा शर्तमा परीक्षा लिएर कार्यान्वयन गर्ने बेला अर्को सर्तमा जान बाध्यकारी बनाइएको छ त्यसको विरुद्धमा हो यो आन्दोलन ।'

काठमाडौंको पञ्चकन्या माध्यमिक विद्यालयकी शिक्षक शारदा केसी (३७) ले शिक्षकको अस्थायी सेवा अवधि पनि गणना गर्नुपर्ने बताइन् । 'म शिक्षण पेशामा आवद्ध भएको १६ वर्ष भयो, तर स्थायी भएको ६ वर्ष भयो', उनी प्रश्न गर्छिन्, 'अब पेन्सन पाउन मेरो अस्थायी सेवा अवधिको मूल्यांकन किन हुन नपर्ने ?'

ब्यास नगरपालिका, तनहुँको अमरज्योति माविका प्रधानाध्यापक रघुनाथ पण्डित (५१) विधेयक अहिलेकै स्वरुपमा पास भए सार्वजनिक शिक्षा ध्वस्त हुने जिकिर गर्छन् । शिक्षामन्त्रीले निजी विद्यालयलाई फाइदा हुने गरी विधेयक ल्याएको भन्दै शिक्षक महासंघ, तनहुँका अध्यक्ष रहेका पण्डित भन्छन्, 'घुमाउरो पाराले निजीलाई प्रोत्साहन र सार्वजनिक स्कुललाई ध्वस्त पार्ने अभियान देखिन्छ ।'

आफ्नो एजेण्डालाई शिक्षकहरुले जुरुक्कै बोकेपछि शिक्षक महासंघका पदाधिकारीहरु उत्साहित देखिएका छन् । र, अब माग पूरा नभएसम्म निरन्तर माइतीघर मण्डलमा भेला हुने र बानेश्वरसम्म प्रदर्शन गर्ने भन्दै महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदी भन्छन्, 'भोलि अझ ठूलो प्रदर्शन हुन्छ ।'

उनका अनुसार पछिल्लो पटक १६ साउनमा मन्त्रिपरिषद्ले विधेयक पास गरेर संसदमा दर्ता गर्नुअघि उपप्रधानमन्त्री तथा र क्षामन्त्री पूर्णबहादुर खड्का नेतृत्वको समितिसँग पनि अनौपचारिक छलफल भएको थियो । त्यही क्रममा निजी विद्यालय सञ्चालकहरुको माग सम्बोधन गर्दै सरकारले विधेयकमा ५ वर्षभित्र गैरनाफामूलक गुठीमा जानुपर्ने प्रावधान हटाएर ऐच्छिक बनायो । तर आफूहरुको माग सम्बोधन नभएको भन्दै शिक्षक महासंघका महासचिव सुवेदी भन्छन्, 'अरुको विषयमा हाम्रो कुनै टिप्पणी छैन । तर हाम्रा मुद्दा सम्बोधन नगरेकोमा शिक्षकहरु सन्तुष्ट छैनन्, त्यसैले सडकमा आउनुपर्‍यो ।'

शिक्षा सचिव सुरेश अधिकारी भने शिक्षकहरु हतारिएर सडक आन्दोलनमा गएको बताउँछन् । नियमावली, कार्यविधिबाट सम्बोधन गर्न सकिने विषयलाई समेत विधेयकसँग जोडेर मागका रुपमा अघि सारिएको भन्दै उनले भने, 'उहाँहरु हतारिएर आन्दोलनमा जानुभयो । अहिले पनि केही बिग्रिएको छैन । वार्ताको टेबलमा आउनुभयो भने थुप्रै विषय क्लियर गर्न सकिन्छ ।'

शिक्षकहरु सडकमा आउनु अघिल्लो दिन मंगलबार मात्र शिक्षा मन्त्रालयले वार्तामा बोलाएको थियो । तर शिक्षामन्त्रीसँग वार्ता नगर्ने भन्दै महासंघका पदाधिकारीहरु गएनन् । अहिले पनि मन्त्रालयसँग वार्ता गर्न तयार छैनन् ।

अब प्रधानमन्त्री, अर्थमन्त्री र कानुनमन्त्रीका साथै संसदमा प्रतिनिधित्व गर्ने दलका प्रमुख सचेतकहरुसँग मात्र वार्ता गर्ने भन्दै शिक्षक महासंघका महासचिव सुवेदी भन्छन्, 'शिक्षा विधेयक जसको स्वामित्वमा छ, उनीहरुसँग मात्र वार्ता गर्छौं ।'

(स्रोतः अनलाइनखबर)

# परदेशीको पीडा बोल्ने 'परदेशी २'को गीत

काठमाडौं/नारायण रायमाझी निर्देशित फिल्म 'परदेशी २'को नयाँ गीत सार्वजनिक गरिएको छ । 'हिजो काम आज काम' बोलको परदेशीको पीडा र बाध्यता बोल्ने गीतमा सतिश चापागाईंको शब्द रचना, बिबि अनुरागीको संगीत तथा प्रशान्त तामाङको स्वर रहेको छ । प्रशान्त फिल्मका मुख्य अभिनेता समेत हुन् । उक्त गीतमा फिल्मको कथासार बुझाउने केही मनछुने संवाद समेत समावेश छन् ।

दशैंको अवसर पारेर असोज २६ गतेबाट प्रदर्शन हुन लागेको फिल्ममा नीर शाह, प्रकाश सपूत, दीलिप रायमाझी, प्रशान्त तामाङ, केकी अधिकारी, वर्षा सिवाकोटी, रमा थपलिया, सबिन बास्तोता, देवेन्द्र बब्लु लगायतको



अभिनय छ । नारायण इन्टर नेसनलको प्रस्तुतिमा राजेश बंशल र नारायण रायमाझीको संयुक्त निर्माण रहेको फिल्ममा गीतकार तथा संगीतकार रमेश विजीको लेखन छ ।

फिल्मले उच्च शिक्षाका लागि विदेशिन बाध्य विद्यार्थीहरुको कथालाई प्रस्तुत गरेको छ । २०१५ मा प्रदर्शन भएको यसको अघिल्लो श्रृंखला वैदेशिक रोजगारीको कथामा आधारित थियो । र, त्यसबेला सुपर हिट भएको थियो । मानकृष्ण महर्जनको छायांकन, अष्ट महर्जनको द्वन्द्व निर्देशन, रामजी लामिछाने र गोविन्द राईको कोरियोग्राफी रहेको फिल्मलाई दीर्घ खड्काले सम्पादन गरेका हुन् ।

# आफ्नो आलोचना गर्नेलाई भुवनको सम्मान

काठमाडौं/नेपाली फिल्मको विकास र प्रवर्द्धनको लागि राज्यद्वारा गठन भएको चलचित्र विकास बोर्डको औचित्यमाथि पटक-पटक प्रश्न उठ्दै आएको छ । फिल्मको सृजनात्मक स्वतन्त्रतामाथि हस्तक्षेप गर्नेदेखि निर्मातालाई प्रक्रियाको नाममा अनावश्यक झमेला दिने कार्यले बोर्ड खारेजीको माग बेखाबखतमा चर्को रुपमा उठ्ने गर्छ । अहिलेसम्म फिल्मकर्मीले बोर्ड हुनुको अनुभूति नै गर्न पाएका छैनन् ।



अहिले बोर्ड सम्मान गर्ने दौडमा देखिएको छ । गत महिना राष्ट्रपति कार्यालयमा एनआरएनए यूएईका निर्वतमान अध्यक्षलाई समेत सम्मान गरेर विवादमा तानिएको बोर्डले मंगलबार संविधान दिवसको छेकोमा १० जना फिल्मकर्मीलाई सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा योगदान पुऱ्याएबापत सम्मान गऱ्यो । तर, उक्त कार्यक्रम हुनुभन्दा अगावै त्यसको औचित्यमाथि प्रश्न उठेको थियो ।

मदनकृष्ण श्रेष्ठ, मिथिला शर्मा, दयाराम दाहाल, मुकुन्द किशोर भट्टराई, श्याम सापकोटा, रेखा थापा, दीपाश्री निरौला, मीनबहादुर भाम, मनोज पण्डित र विजयरत्न तुलाधरसहित चलचित्रकर्मी कल्याण कोषलाई बोर्डले सम्मान गरेको हो । यसमध्ये मनोज पण्डित बोर्डको कट्टर आलोचक मानिन्छन् । उनले बोर्ड अध्यक्ष भुवन केसीको कार्यशैलीको पनि किस्ता-किस्तामा आलोचना गरेका छन् ।

अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले यौन दुर्व्यवहारको आरोप लगाएको केही समयपछि भुवन बोर्ड अध्यक्ष भएका थिए । त्यसबेला पण्डितले भुवनलाई अध्यक्ष बनाएर सरकारले यौन दुर्व्यवहारजस्तो अपराधलाई सामान्यीकरण गरिदिएको बताएका थिए । अब उनै पण्डितलाई भुवनले बोर्डबाट सम्मान गरेका छन् । कतिपयले यसलाई आलोचकको मुख बन्द गराउने भुवनको नीति भनेका छन् ।

# द्रुत बस सेवा : उद्घाटन भव्य, प्रभावकारितामा शंका

काठमाडौं/बुधबार 'द्रुत बस सेवा' लेखिएका दुई वटा गाडी रत्नपार्कको शान्तिबाटिकाबाट सूर्यविनायकतर्फ हिँडे । सडकमा भर्खरै पोतिएको रातो रङको लेन हुँदै दुवै बस बिहान १० बजेर ५३ मिनेटमा अगाडि बढेका थिए ।

ट्राफिक प्रहरीको स्कर्टिङमा हिँडेका द्रुत बस भक्तपुर को सूर्यविनायक पुग्दा ११ बजेर ३८ मिनेट गएको थियो । यसअघि सडक जामका कारण रत्नपार्कदेखि सूर्यविनायक पुग्न कम्तीमा पनि १ घण्टा ३० मिनेट लाग्ने गरेको थियो । तर, यी बसहरु ठ्याक्कै ४५ मिनेटमा गन्तव्यमा पुगे ।

सूर्यविनायकतर्फ जाँदा विभिन्न चोकमा ट्राफिक लाइटमा र बिसौनीमा तोकिएको समयभन्दा बढी गाडी रोकिएनन् ।

काभ्रे-काठमाडौं नगर बसको बा ४ ख ९१८१ नम्बरको बसमा भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वाला, बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल, भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशव शर्मा, महानगरीय ट्राफिक प्रहरी प्रमुख पोषराज पोखरेल लगायत सवार थिए ।

रत्नपार्कबाट गाडी छुट्ने बेला मन्त्रालयका कर्मचारीले ट्राफिक लाइटमा रोकिन नपर्ने बताएका थिए । चालक सोही अनुसार चलाउँदै थिए तर ट्राफिक लाइट आउने बित्तिकै ट्राफिकले रोके । त्यसो हुँदा बसका चालक अल्मलिए । सूर्यविनायक पुगेर फर्कने बेलामा संघका मन्त्री ज्वाला र प्रदेश मन्त्री लम्सालले ट्राफिक प्रहरी प्रमुख डीआईजी पोखरेललाई बोलाएर ट्राफिक लाइटमा बस नरोकिने गरी निर्देशन दिनुपर्ने बताए । तर पोखरेलले भने 'यस विषयमा छलफल गरेर मात्रै निर्णय हुनसक्ला, आज त लाइटमा रोक्नैपर्छ' भने ।

त्यसपछि ट्राफिक लाइटमा पनि एम्बुलेन्स जसरी चलाउने योजनासहित द्रुत बस सञ्चालन थालिएकाले त्यहीअनुसार व्यवस्था गर्ने विषयमा छलफल भएको थियो । 'एक्सप्रेस लेन बनाएकै ट्राफिक लाइटमा पनि बस नरोकियोस् भनेर हो, के गर्न सकिन्छ, छलफल गरौं, तर बस बत्तीमा रोकिन हुँदैन,' मन्त्री ज्वालाले भने । सूर्यविनायकबाट रत्नपार्कतर्फ आउँदा पनि बिसौनी र ट्राफिक लाइटमा रोकिँदै बस आइरहेको थियो । तर, शिक्षकहरुले आन्दोलनले सडक बन्द भएका कारण बस त्यहाँबाट अघि बढ्न भने सकेन ।

बसबाट ओर्लेपछि मन्त्री ज्वालाले परीक्षण यात्रामा केही कमजोरी देखिएको र त्यसलाई तत्काल सच्याउने बताए । 'हामीले पहिलो दिन परीक्षणका लागि भनेरै चलाएका हौं, बस स्टेसनमा बाहेक अन्य स्थानमा नरोकिने गरी चलाउँछौं । रेगुलर चल्न थालेपछि मिल्दै जान्छ,' ज्वालाले भने ।

बुधबार परीक्षणका रुपमा चलाइएको द्रुत बससेवा बिहीबार देखि भने निरन्तर सञ्चालनमा आउने मन्त्रालयले जनाएको छ ।

**प्रभावकारितामा आशंका**

उद्घाटन यात्रामा भीआईपी यात्रु र ट्राफिक प्रहरीको स्कर्टिङका कारण सहज रुपमा गाडी चले पनि यही स्तरको प्रभावकारिता आगामी दिनमा कायमै रहनेमा सरकारी अधिकारीहरु नै विश्वस्त छैनन् ।

'ललितपुरले साइकल लेन बनाएको छ, तर, लेन मिच्नेलाई कारबाही नहुँदा त्यो प्रभावकारी हुन सकेको छैन । एक्सप्रेस लेनमा पनि भोलि त्यस्तै हुने हो कि भन्ने आशंका छ,' बसमा सवार एक सरकारी कर्मचारीले भने ।

रत्नपार्कको शान्ति वाटिकामा भएको उद्घाटनमा मन्त्री ज्वालाले द्रुत बस सेवालाई निरन्तरता दिँदै अन्य रुटमा पनि विस्तार गरिने बताए । 'अब बनेपा-धुलिखेल रुटमा पनि द्रुत बस सेवा विस्तार गर्ने योजना अगाडि बढाएका छौं । सरकार छ भन्ने अनुभूति गर्न सार्वजनिक सेवा सुधार गर्ने काम गरिरहेको भन्दै यातायात सम्बन्धी उठेका प्रश्नहरुको जवाफ कामले दिँदै जानेछ,' ज्वालाले भने ।

यस्तै, यातायात व्यवस्था विभागका महानिर्देशक उद्धव रिजालले द्रुत बस सेवा १ किलोमिटरको फरकमा गुड्ने बताए । लेन कन्ट्रोल गर्न सकिन्छ कि सकिँदैन भन्ने कुराले द्रुत बस सेवा सञ्चालनको प्रभावकारिता निर्धारण हुने उनले बताए । ओभर टेक गर्ने प्रयोजनका लागि समेत यो लेन प्रयोग गर्न नमिल्ने भएकाले यसको कार्यान्वयन सहज भने नभएको उनले बताए ।

'हामीले ४५ मिनेटमा रत्नपार्क-सूर्यविनायक पुग्ने समय राखेका छौं, सधैं यही समय कायम गराउन चुनौतीपूर्ण छ । स्टेशन बाहेक अन्य स्थानमा चढाउन र ओराल्न पाइँदैन, ३० सेकेन्ड भित्र त्यो काम भइसक्नुपर्छ । यो कायम गर्नु पनि अर्को चुनौती हो,' रिजालले भने । सार्वजनिक सवारी चढेर समयमै गन्तव्यमा पुग्न सकिन्छ भन्ने निश्चित भए ७-८ वर्षपछि ठूलाबसहरु चल्ने र साना गाडीहरु घट्ने उनले बताए ।

यस्तै सडक विभागका महानिर्देशक सुशीलबाबु ढाकालले मास ट्रान्सपोर्टेसन अबको प्राथमिकता रहेको बताए । सार्वजनिक यातायातबाट ग्राहकले समयमै सेवाको अनुभूत गरे सार्वजनिक गाडी प्रति जनताको विश्वास बढ्ने बताए ।

(स्रोतः अनलाइनखबर)

# मानवअधिकारका परममित्र...

यसपटक पनि संयुक्त राष्ट्रसंघ महासभामा भाग लिन जानुअघि प्रधानमंत्री पुष्पकमल दाहालले संसद्मा यही भनाइ दोहोर्‍याए । यसलाई निस्कर्षमा पुर्‍याउन अन्तर्राष्ट्रिय समुदायको सहयोग माग्नेसमेत कुरा उठाए तर कस्तो खुलाएनन् ।

यस प्रक्रियालाई न्यायोचित ढंगबाट टुंग्याउन संसद्मा विचाराधीन सत्य निरुपण आयोगसम्बन्धी संशोधन विधेयक चाँडो न्यायोचित ढंगबाट अघि बढाउने नेम्वाङको प्रयास अधुरै छ । उनको निधनले द्वन्द्वपीडितले न्यायको लडाइँका एक इमानदार सहयात्री गुमाएका छन् । कानुन, न्याय तथा मानवअधिकार ११ सदस्यीय संसदीय उपसमितिमा रहेका बेला उनी परलोक भएबाट यस प्रक्रियामा अपूरणीय क्षति भएको छ ।

नेम्वाङको जीवनको सबैभन्दा ठूलो चुनौती ६०१ संविधान सभासद्लाई चित्त बुझाएर संविधान जारी गर्नु थियो । पहिलो असफल भएपछि दोस्रो संविधान सभाबाट संविधान जारी गर्न उनलाई चुनौती र अवसर दुवै थियो ।

उनको शालीन स्वभाव र कुशल समन्वयबाट दोस्रो संविधान सभाबाट संविधान जारी भयो । माओवादीको नेतृत्वमा ३० दलले यस प्रक्रियाबाट बाहिरिँदा पनि उनी हतासिएनन् । नागरिक समाजसमेतको सहकार्यमा दलहरूसँग समन्वयकारी भूमिका पूरा गरे । त्यसबेला नेताहरूबीच तिक्तता चरममा थियो । खासगरी नेकपा (एमाले)का नेता केपीशर्मा ओली र माओवादीका अध्यक्ष पुष्पकमल दाहालबीच बोलचाल पनि थिएन ।

नेताहरूबीच सम्बन्ध सुधार्न नागरिक समाजले पनि विशेष भूमिका खेलेको थियो । नेम्वाङको तोकिएको समयसीमाभित्र संविधान जारी गर्ने दृढता, प्रधानमन्त्री सुशील कोइरालाको चट्टाने अडान, केपीशर्मा ओलीको दरिलो साथ, पुष्पकमल दाहालको पछिल्लो सहयोग र राष्ट्रपति रामवरण यादवको सद्भावले अन्ततः नेपालको संविधान २०७२ असोज ३ गते जारी भयो ।

धेरैपटक नेम्वाङ यस मुलुकको माननीय र सम्माननीय बने । तर, यस संसारबाट बिदा लिँदै गर्दा सबैका आदरणीय भएर गए । यस धर्तीमा जन्मेको सार्थक बनाए । भावपूर्ण श्रद्धान्जलि लोकतान्त्रिक गणतन्त्र नेपालका एक सपुत सुवासचन्द्र नेम्वाङप्रति !

(साभारः बाह्रखरी)

# 'एक भागवत र एक गीता'मा विपिन कमजोर कि बलियो ?

काठमाडौं/विपिन कार्की अभिनयमा सशक्त कलाकार हुन् भन्नेमा दुईमत छैन । उनले हरेक फिल्मबाट आफूलाई प्रमाणित गर्दै आएका छन् । अभिनयमा मात्र होइन, चरित्रमा विविधता पस्किने मामलामा पनि उनी समकालीनभन्दा अगाडि नै छन् । आफ्नो उमेर भन्दा दोब्बर बढीको चरित्र समेत निर्वाह गरिसकेका उनी यतिबेला प्रदर्शनरत फिल्म 'एक भागवत र एक गीता'मा अर्को पृथक भूमिकामा छन् ।

यो फिल्ममा विपिनले तेस्रो लिङ्गीको भूमिकामा अभिनय गरेका छन् । उनले पहिलोपटक आफूलाई यसखालको भूमिकामा ढालेका हुन् । जसले गर्दा उनको चरित्र चित्रण र अभिनयलाई लिएर दर्शकमा चासो र कौतुहलता थियो । उनको नयाँ अवतार हेर्नकै लागि हलमा दर्शक पुगेका छन् । तर, आवरणमा उनी जति सशक्त देखिएका छन् के त्यस्तै सशक्त पर्दामा पनि छन् ? धेरैमा चासो छ ।

जन्मथलो पहाडबाट मिथिला क्षेत्र झरेको चरित्र हो उनको । फरक स्वभाव भएका कारण परिवार र समाजले तिरस्कार र अपहेलना गरेपछि उनले नयाँ जीवनको सुरुवात गर्छन् । घरमा नयाँ सदस्यको आगमन हुँदा होस् या नयाँ सामान जोड्दा उनीबाट आर्शिवाद लिनेको भीड लाग्छ । मिथिला क्षेत्रमा उनलाई भगवानको स्वरुप नै मानिन्छ । उनले आफूजस्तै धेरैलाई आश्रय समेत दिएका छन् ।

फिल्ममा उनको लुक्स र गेटअपमा निकै ध्यान दिइएको छ । त्यसअनुरुप उनले प्रस्तुत गर्ने अदा र हाउभाउले कहीँ पनि वास्तविक विपिन लाग्दैनन् । उनी कमलामाईको चरित्रमा जीवन्त छन् । उनको चरित्र फिल्मको मेरुदण्ड हो । फिल्ममा ४० प्रतिशत मैथिली भाषाको प्रयोग छ । अरु कलाकारले रटेर मैथिली संवाद बोलेको प्रष्टै भान हुन्छ । तर, विपिनले मैथिली संवाद राम्ररी टिपेका छन् ।

तर, उनको चरित्र बलियोसँग स्थापित छैन । मधेश आएपछि उनले गरेका संघर्षलाई देखाइएकै छैन, जुन पक्ष फिल्मभर खड्किन्छ । न त उनको चरित्रको उद्देश्य बुझाउने प्रयास गरिएको छ । बरु अभिनेत्री सुहाना थापालाई अनावश्यक रुपमा ठाउँ दिन निर्देशक झरना थापाले बढी समय खर्चिएकी छन् । तर, सुहानाकै चरित्र पनि राम्रोसँग स्थापित छैन । न उनको अभिनय स्वभाविक लाग्छ ।

लैंगिक अल्पसंख्यक समुदायको कथामा आधारित भएर फिल्म निर्माण भएको छ । तर, फिल्मले यो समुदायको कथालाई सतहीमा मात्रै उठाएको छ । यद्यपि, केही दृश्य र संवादबाट यो समुदायप्रति गरिने व्यवहार र सोचलाई देखाइएको छ । सन्देश दिने प्रयत्न पनि धेरथोर गरिएको छ । तर, मध्यान्तरपछि धीरज मगर र सुहाना थापाको प्रेमकथा भन्ने धुनमा फिल्म मूल मुद्धाबाटै भड्किन्छ ।

एउटा चुनौतीपूर्ण र संवेदनशील विषय उठाउने प्रयास गर्नु नै निर्देशक झरना थापाको ठूलो आँट हो । यसप्रकारको विषयमा फिल्म बनाउने हिम्मत कमै मेकरमा छ । 'ए मेरो हजुर' जस्तो पैसाको बोट छाडेर नयाँ नाममा पृथक विषय उठाउने हिम्मत गरेकी झरना उच्च प्रशंसाको हकदार छिन् । र, चुनौतीपूर्ण चरित्रमा आफूलाई ढाल्न विपिन कार्कीले गरेको मिहिनेत र प्रयास प्रशंसालायक छ ।

(स्रोतः फिल्मीखबर)

# हिटको बाटोमा 'नाङ्गो गाउँ'

काठमाडौं/गत बैशाख १ गते प्रदर्शनमा आएको फिल्म 'जारी'पछि नेपाली फिल्म क्षेत्र दोस्रो हिटको पखाईमा छ । गत असारमा प्रदर्शित फिल्म 'बगान' 'सेमी हिट' रह्यो । दोस्रो हिटको रेकर्ड भने फिल्म 'नाङ्गो गाउँ'ले बनाउने लक्षण देखाएको छ । यही शुक्रबारबाट प्रदर्शनमा उत्रिएको यो फिल्मले हलमा उल्लेख्य दर्शक भित्राइरहेको छ । कामकाजी दिनमा समेत फिल्मको अकुपेन्सी ५० प्रतिशतमाथि छ ।

प्रदर्शनको पहिलो दिन नै सुखद दर्शक पाएको फिल्मले शनिबार ८० प्रतिशतमाथि अकुपेन्सी हासिल गरेको थियो । यही अनुपातमा तीजको विदामा पनि फिल्मको अकुपेन्सी देखिएको थियो । बुधबार संविधान दिवसको विदा रहेकाले फिल्मको व्यापारमा थप उछाल आउन सक्ने प्रक्षेपण गरिएको छ । यो फिल्मले प्रदर्शनको पहिलो हप्तामै हिटको ट्याग पाउने सम्भावना देखिएको छ ।

फिल्मप्रति दर्शकको क्रेज बढ्नुमा तीनटा कारण महत्वपूर्ण मानिएको छ । पहिलो, 'कबड्डी ४' र 'जारी'को सुपरहिट जोडी दयाहाङ राई र मिरुना मगरको क्रेज । सुरुवाती व्यापार सुखद हुनुमा यो जोडीको ठूलो योगदान छ । दोस्रो, 'सुन सुन सुन्दरी' गीतको बढ्दो लोकप्रियता । यो गीतले पनि हलमा दर्शक तानेको अवस्था छ । तेस्रो, सुखद 'वर्ड अफ माउथ'को प्रभाव व्यापारमा देखिएको छ ।

अर्को हप्ता ठूला स्वदेशी तथा विदेशी फिल्म नभएकाले 'नाङ्गो गाउँ'लाई हलमा आफ्नो दबदबा बनाइराख्न थप सहज छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com






***हस्तकला प्रदर्शनी*** : हेटौंडा उपमहानगरपालिका कार्यालय परिसरमा दुई दिने हस्तकला प्रदर्शनी सुरु भएको छ । प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा सामान्य प्रशासन मन्त्रालयको प्रवर्द्धन तथा बागमती प्रदेश हस्तकला संघको आयोजनामा हेटौंडा उपमहानगरपालिकाको परिसरमा 'प्रथम हस्तकला प्रवर्द्धन मेला-२०८०' आयोजना गरिएको हो । आज बिहीवार ४ असोजसम्म चल्ने मेलाको बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्मा र मुख्यमन्त्री शालिकराम जम्कट्टेलले संयुक्त रुपमा उद्घाटन गरे । प्रदेशप्रमुख शर्माले नागरिकको आर्थिक उपार्जनमा हस्तकलाको महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । उनले हस्तकलाको विकास र विस्तार गर्न सके पर्यटनक्षेत्रलाई समेत टेवा पुऱ्याउन सकिने बताए । मुख्यमन्त्री जम्कट्टेलले हस्तकलालाई पर्यटनसँग जोडेर विकास एवम् विस्तारको काम गरिने विश्वास दिलाए । हस्तकला उद्योगको प्रचारप्रसार तथा अन्तराष्ट्रियकरणका लागि प्रदेश सरकारले पहिलोपटक हस्तकला मेला आयोजना गरेको उनले दाबी गरेका छन् । मेलामा हस्तकलाका २५ वटा स्टल राखिएको बागमती प्रदेश हस्तकला संघका अध्यक्ष नवीन शाक्यले जानकारी दिए । प्रदर्शनीमा परालको सुकुल, खोस्टाको चकटीलगायतका काठमा निर्मित सामग्री राखिएको छ । प्रस्तरकला, धातुकला, काष्ठ कला, चाँदीका गरगहना, चित्रकला, नेपाली हातेकागज, ऊनी तथा बेल्ट, सेरामिक्सका सामानहरु, प्राकृतिक रेसा र कपडाका समानहरु, काठको ठेकी, बाँसुरी, धातुको बाघचाल, प्रदर्शनीमा राखिएको छ । प्रर्दशनीमा समुदाय विशेष 'पौभा' 'पूँ' चित्रकला समेत राखिएको छ । प्रदर्शनीमा प्रदेशका १३ जिल्लाका विशेष हस्तकलाका उत्पादनहरु राखिएको छ । प्रदर्शनीको अवसरमा प्रदेशप्रमुख र मुख्यमन्त्रीबीच धातुको बाघचाल खेल समेत भएको थियो ।

*तस्वीर : साझाकुरा*

# शिक्षकका माग सम्बोधन गर्न सरकारलाई सांसद बर्तौलाको अनुरोध

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ मकवानपुरका प्रतिनिधिसभा सदस्य तथा नेकपा एमालेका सचेतक महेश बर्तौलाले शिक्षक महासंघको उठाएका माग विधेयकमा नै समावेश गरी सम्बोधन गरिनु पर्ने बताएका छन् ।



शिक्षकहरुको आन्दोलनप्रति समर्थन र ऐक्यबद्धता जनाउँदै सांसद बर्तौलाले विधेयक भित्र बसेर उपयुक्त कानून निर्माणको प्रक्रियामा आफू सक्रिय सहभागी हुने बताए । 'नेपाल शिक्षक महासंघले उठाएका मागलाई विधेयकको अंग बनाएर अगाडि बढ्न सरकार तयार हुनुपर्छ ।', उनले भने 'त्यसको लागि सरकारले आजै प्रतिबद्धता व्यक्त गर्नुपर्दछ ।', बर्तौलाले संविधानसँग जोडिएका कतिपय विषयवस्तुमा भने थप छलफल र बहसको आवश्यकता महशुस गरेको बताए ।

संसदमा दर्ता भएको विद्यालय शिक्षा विधेयक-२०८० का सन्दर्भमा नेपाल शिक्षक महासंघले आन्दोलन मार्फत उठाएका अधिकांश मागहरु समग्र सार्वजनिक शिक्षाप्रति नागरिकको भरोसा, विश्वसनीयता र गुणस्तरीयता वृद्धि गर्न तथा शिक्षण पेशालाई मर्यादित र सम्मानित बनाउन उपयुक्त रहेको बर्तौलाले बताएका छन् । बर्तौलाले सामाजिक संजाल मार्फत ऐक्यबद्धता जनाउँदै भनेका छन, 'सरकारले शिक्षा ऐन मार्फत निजामती सेवामा जस्तै शिक्षक सेवामा पनि समान सेवा सुविधाको व्यवस्था गर्नुपर्छ, शिक्षकले पाउने उपचार खर्चलाई निरन्तरता दिनुपर्ने, शिक्षकलाई वर्षमा कम्तिमा एक पटक शैक्षिक अवलोकन भ्रमणको व्यवस्था हुनुपर्ने, योग्यता बढाउन शिक्षकलाई अध्ययन बिदाको सुविधा हुनुपर्ने, शिक्षकलाई सरकारी मर्यादाक्रममा समावेश गरिनुपर्छ ।',

यस्तै, शिक्षकको लागि अलग्गै शिक्षक अस्पतालको स्थापना हुनुपर्ने, शिक्षकको योग्यता आधार भूत र माध्यमिकका लागि क्रमश: स्नातक र स्नातकोत्तर तोक्ने हो भने आधारभूत तृतीयलाई अधिकृत र माध्यमिक तृतीयलाई उपसचिव समान सेवा सुविधा हुनुपर्ने, स्थायी शिक्षकलाई नियमित रुपमा तह र श्रेणी बढुवाको सुनिश्चितता गरिनुपर्ने, आन्तरिक प्रतियोगिताद्वारा हुने बढुवाको लागि प्रत्येक तह र श्रेणीमा ५ वर्षे सेवाअवधि तोक्नुपर्ने, विद्यालयमा कार्यरत अस्थायी प्रकृतिका सम्पूर्ण शिक्षक तथा कर्मचारीलाई कम्तिमा १ पटकको लागि खुल्ला तथा आन्तरिक प्रतिस्पर्धाका माध्यमबाट स्थायी हुने अवसर प्रदान गर्नुपर्ने उल्लेख गरेका छन् ।

यसैगरी उपदानको व्यवस्था हुनुपर्ने लगायतका नेपाल शिक्षक महासंघको मागहरु उपयुक्त, जायज र न्यायसंगत रहेको बर्तौलाले बताएका छन् । यी मागहरुले शिक्षकको हित मात्रै नगरेर समग्र सार्वजनिक शिक्षाकै उज्यालो भविष्यका लागि नयाँ आयाम निर्माण गर्ने सांसद बर्तौलाले उल्लेख गरेका छन् ।

# थाहानगर उवासंघको कार्यसमितिलाई स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ मकवानपुर उद्योग वाणिज्य संघले थाहानगर उद्योग वाणिज्य संघको नवनिर्वाचित कार्यसमितिलाई स्वागत गरेको छ । मउवासंघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा नवनिर्वाचित कार्यसमितिलाई स्वागत गरिएको हो ।

कार्यक्रममा बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै अध्यक्ष गुप्ताले मउवासंघको स्थापना, आर्थिक क्रियाकलाप, संघले विगतदेखि वर्तमानसम्म गरेका अन्य विभिन्न कार्यहरु बारे उनले संक्षिप्त जानकारी गराएका थिए । त्यसैगरी थाहानगर उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष पुरुषोत्तम ढकालले मउवासंघका पूर्वअध्यक्ष केशव श्रेष्ठको कार्यकालबाट मउवासंघको उत्तरी क्षेत्र समिति गठन प्रक्रिया प्रारम्भ भएको र सोही उत्तरीक्षेत्र समिति हाल थाहानगर उद्योग वाणिज्य संघको रुपमा विकसित भएको बताए ।

थाहानगर उद्योग वाणिज्य संघको वर्तमान भवन मकवानपुर उद्योग वाणिज्य संघकै सहयोगमा निर्माण भएको, अहिले पनि थाहानगर उद्योग वाणिज्य संघको मातृसंस्थाको रुपमा मकवानपुर उद्योग वाणिज्य संघलाई आफूले लिएको उनको भनाइ रहेको थियो । उनले थाहानगर, कृषिको हिसावले परिचित र पर्यटकीय रुपमा सम्भावनायुक्त रहेको स्मरण गर्दै धार्मिकपर्यटनको रुपमा ऋषेश्वर, गोरखनाथलगायतका धेरै धार्मिक स्थल थाहानगरमा रहेको बताए ।

त्यसैगरी उनले मकवानपुर उद्योग वाणिज्य संघबाट थाहानगरको पर्यटन विकासमा सम्भावित पहलको लागि अनुरोध गरेका छन् । कार्यक्रममा संघका उपाध्यक्षत्रय प्रमोदसिंह रानाभाट, उज्वल चौलागाई, राजु अधिकारी, महासचिव दीपक उप्रेतीलगायतले बधाई ज्ञापन गरेका थिए ।

# प्रगति साकोसका कार्यसमितिले लिए सपथ

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका नवनिर्वाचित सञ्चालक समिति र लेखासमितिका पदाधिकारीले बुधबार एक कार्यक्रमका बीच पद तथा गोपनीयताको सफत सहित प्रमाणपत्र ग्रहण गरेका छन् ।



सहकारीको गत भदौं ३० गते भएको २३ औं साधारणसभाबाट नयाँ सञ्चालक समिति र लेखासमितिको चयन भएको थियो । सहकारीको निर्वाचन समितिको संयोजक बद्रीप्रसाद लम्सालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष एवम् मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देबकोटोको प्रमुख आतिथ्यता रहेको थियो । सहकारीका नवनिर्वाचित पदाधिकारीलाई प्रमुख अतिथि देवकोटाले प्रमाणपत्र बितरण गरे । निर्वाचन कमिटी संयोजक लम्सालले पद तथा गोपनीयताको सपथ गराए ।

सहकारीको साधारण सभाले आगामी ४ बर्षीय कार्यकालको लागि अध्यक्ष पुन: मिठाराम दाहाल, उपाध्यक्ष एकालाल श्रेष्ठ, सचिव रामजी सापकोटा, कोषाध्यक्ष केशवप्रसाद देवकोटा निर्बिरोध निर्वाचित भएका थिए । यसैगरी सदस्यहरुमा बलराम दुलाल, रमेशप्रसाद घिमिरे, शिबराज पराजुली, कृष्णप्रसाद दाहाल, अर्जुनकुमार खड्का, नारायणप्रसाद ढकाल, शिवहरि दाहाल, सरिता शर्मा र कमलादेवी दाहाल निर्बिरोध भएका थिए ।

सहकारीको लेखासमिति संयोजकमा तेजप्रसाद रुपाखेती र सदस्यमा प्रकाश अधिकारी र गीता सुवेदी निर्बिरोध भएका थिए । सफथग्रहण तथा प्रमाणपत्र बितरण कार्यक्रममा मकवानपुर जिल्ला सहकारी संघका ब्यवस्थापक गोबिन्द दाहाल, शिक्षकहित बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सीताराम दाहाल, संस्थाका ब्यवस्थापक बद्रीप्रसाद भण्डारीको आतिथ्यता रहेको थियो । निर्वाचन समिति सदस्य नुरप्रसाद गौतमले सञ्चालन गरेको कार्यक्रममा अर्का सदस्य बीरेन्द्रप्रसाद ढुंगानाले स्वागत गरेका थिए ।

# स्थानीयद्वारा मनहरीस्थित राजमार्ग दुई घण्टा अवरुद्ध



साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-८ सिम्पानीमा नेपाली सेनाले ज्यादति गरेको आरोप लगाउँदै स्थानीयले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका छन् ।

बुधबार दिउँसो स्थानीयले सञ्चालन गरेको टयाक्टरलाई सेनाको प्रतापपुर पोष्टले नियन्त्रणमा लिन खोज्दा विवाद उत्पन्न भएको थियो । विवाद हुँदा सिम्पानी बस्ने ना ६ त २२९२ नम्बरको टयाक्टर चालक नवराज पाखिन घाईते भएका थिए । स्थानीयहरुका अनुसार ट्याक्टर चालकलाई घिच्याएर सिटबाट निकालेको र चालक घाईते भएको भन्दै स्थानीयले सेनाको कार्यशैलीप्रति विरोध जनाउँदै राजमार्ग अवरुद्ध बनाएका हुन् । दिउँसो ४ बजेदेखि २ घण्टासम्म राजमार्ग अवरुद्ध भएको स्थानीय उमेश राईले जानकारी दिए ।

घटना लगतै ईलाका प्रहरी कार्यालय मनहरीको प्रहरी टोली राजमार्ग पुगेर स्थानीयसँग छलफल गरेको थियो । घाइते चालकको पाखिनको थप उपचारको लागि भरतपुर लगिएको ईलाका प्रहरी कार्यालयले जनाएको छ ।

मध्यवर्ती क्षेत्रको कोर एरिया भित्र प्रवेश निषेध रहेको भन्दै सेनाले टयाक्टर प्रवेशमा रोक लगाउन खोजेको थियो । ट्याक्टर चालकहरु जर्वजस्ती प्रवेश गर्न खोजेपछि सेनाले बल प्रयोग गरेको बताइएको छ ।

# बक्सिङ खेलाडी घलानलाई मउवासंघको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ मकवानपुरकी बक्सिङ खेलाडी रोशनी घलान काजकिस्तानमा हुने बक्सिङ प्रतियोगितामा सहभागी हुने भएकी छिन् । एशियन जुनियर तथा युथ बक्सिङ प्रतियोगिताको लागि घलान छनोट भएको प्रशिक्षक लालबहादुर पौडेलले जानकारी दिए ।

घलान ५० केजी तौल समूह अन्तर्गत नेपालको राष्ट्रिय छनोट प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरी प्रथम स्थान गर्दै प्रतियोगिताको लागि छनोट भएकी हुन् । घलान काजकिस्तानको आस्ताना सहरमा अक्टोबर २१ देखि हुने एशियन जुनियर तथा युथ बक्सिङ प्रतियोगितामा भाग लिने छिन् ।

घलानलाई मकवानपुर उद्योग वाणिज्य संघले एक कार्यक्रमकाबीच १० हजार रुपैयाँ प्रोत्साहनस्वरुप प्रदान गरेको छ । संघका अध्यक्ष कृष्णकुमार गुप्ताले जीतको लागि शुभकामना दिँदै प्रोत्साहन रकम हस्तान्तरण गरेका हुन् । यस्तै, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकालले पनि घलानलाई सहयोग गरेका छन् ।

# मनहरीमा खेलकुद महासंघ गठन

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ मनहरी गाउँपालिकामा नेकपा माओवादी केन्द्रले ३ महिने पाटी शुद्धिकरण अभियान चलाइरहेको छ । जनतासँग माओवादी विशेष रुपान्तरण अभियानअन्तरगत युवालाई खेलकुद महासंघमा आवद्ध गराइएको हो ।




गाउँपालिकास्तरीय खेलकुद महासंघमा सवन प्रजालाई संयोजकमा सर्बसम्मत चयन गरिएको छ । सदस्यहरुमा कृष्णबहादुर तामाङ, निर्मल थापा, राजकुमार उप्रेती, रन्जन परियार, निशान परियार, प्रबीण स्याङ्तान, दिनेश ब्लोन, निशान घलान, किरण लामा, समीर स्याङ्बो, आदेश छ्युमी, नुपम मुक्तान र प्रदीप थिङ गरी १५ सदस्यीय पालिकास्तरीय अखिल नेपाल खेलकुद महासंघ गठन गरिएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा पाटी जिल्ला समन्वय कमिटी सचिव भीम पाखिनले युवालाई खेलकुदको माध्यमबाट गोलबद्ध गर्ने उद्देश्यले यस्ता कमिटी गठन आवश्यक रहेको बताए । कार्यक्रममा अखिल नेपाल खेलकुद महासंघ जिल्ला सहसचिव मदन उप्रेतीले स्वागत मन्तव्य राखेका थिए । यस्तैगरी अखिल नेपाल खेलकुद महासंघ मकवानपुर जिल्ला ईन्चार्ज माधव कोइराला, वाईसीएल जिल्ला अध्यक्ष नबराज ठकुरीलगायतले मन्तब्य ब्यक्त गरेका थिए ।

कार्यक्रममा माओवादी केन्द्र बागमती प्रदेश सचिवालय सदस्य एबम मकवानपुर जिल्ला समन्वय समिति प्रमुख ललित घलान, बागमती प्रदेश पाटी कमिटी सदस्य एबम मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, जेष्ठ कम्युनिष्ट मन्च केन्द्रीय सदस्य रामहरि सुबेदी, माओवादी केन्द्र मनहरी गाउँपालिका ईन्चार्ज एबम मनहरी-२ वडाअध्यक्ष राजकुमार पाखिनलगायतको आतिथ्यता रहेको थियो ।

# इन्द्रसरोबरमा महिला मृत फेला

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ मकवानपुरको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर-३ ठुलोटारमा एक वृद्धा मृतअवस्थामा फेला परेकी छिन् । शव स्थानीय ९१ बर्षीया पुतलीमाया घलानको रहेको मकवानपुरका प्रहरीप्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए ।

डिएसपी भण्डारीका अनुसार पुतलीमाया भदौ ३० गतेबाट हराइरहेकी भन्ने जानकारी परिवारका सदस्यले प्रहरीलाई दिएको र बुधवार खोजी गर्ने क्रममा घरभन्दा केही पर भिरबाट करिब २०० मिटर तल खोचमा मृत अवस्थामा फेला परेको हो । शव खोचमा रहेकोले निकाल्न बागमती प्रदेश प्रहरी कार्यालयबाट विपद व्यवस्थापन टोली बोलाएर पोर्ष्टमाटका लागि हेटौंडा अस्पताल ल्याइएको छ ।

# विद्यालयस्तरीय फुटबल प्रतियोगिताको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ मकवानपुरमा विद्यालयस्तरीय नकआउट फुटबल प्रतियोगिताको तयारी थालिएको छ । मकवानपुर जिल्ला फुटबल संघले सूचना जारी गर्दै आगामी असोज १९ गतेदेखि हेटौंडामा विद्यालयस्तरीय फुटबल प्रतियोगिता हुने जानकारी दिएको हो ।

फुटबल संघको आयोजनामा हुने विद्यालयस्तरीय फुटबल प्रतियोगितामा सहभागिताको लागि संघले सूचना जारी गरेको छ । प्रतियोगितामा सहभागी हुन सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यनरत् विद्यार्थी हुनुपर्नेछ । विद्यार्थीको जन्म मिति २०६४ वैशाख १ गतेपछिको हुनुपर्ने र टिमदर्ता शुल्क ५ हजार रुपैयाँ लाग्ने मकवानपुर जिल्ला फुटबल संघका सचिव सुनिल लोप्चनले जानकारी दिए । खेल तालिका आगामी असोज १७ गते सार्वजनिक गरिने सचिव लोप्चनले बताएका छन् ।

प्रतियोगितामा उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ । विधागत उत्कृष्ठ खेलाडीलाई पुरस्कार प्रदान गरिने सचिव लोप्चनले बताए ।


## कार्यक्रम स्थगित गरिएको बारे

नेपाल रेडक्रस सोसाइटी मकवानपुरद्वारा मिति २०८० असोज ५ र ६ गते बालबोध मा.वि. हटियामा आयोजना गर्ने भनिएको जिल्ला जुनियर/युवा रेडक्रस गोष्ठी विशेष परिस्थितिका कारण अर्को सूचना नहुन्जेल स्थगित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**नेपाल रेडक्रस सोसाइटी, मकवानपुर**

## १३ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस सहकारी संस्था लि. को १३ औं बार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा समयमा नै अनिवार्य उपस्थिति भईदिनु हुन शेयर सदस्य ज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मिति:- २०८० असोज १३ गते शनिवार
समय:- मध्यान्ह १२:०० बजे
स्थान :-रोयल पार्टी प्यालेस, हेटौंडा-४ मेनरोड

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१०, राप्तीरोड, मकवानपुर

## नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता ,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवाद उन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना